REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 29.06.2026

राज्यपालद्वारा असार 15 को अवसरमा शुभकामना, कृषकको सम्मान र जैविक खेती प्रवद्धनमा जोड

सिक्किमका राज्यपाल ओमप्रकाश माथुरले असार 15 अथवा धान दिवस तथा राष्ट्रिय दही-चिउरा दिवसको पावन अवसरमा सम्पूर्ण सिक्किमवासी तथा कृषक समुदायप्रति हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ। आफ्नो शुभकामना सन्देशमा राज्यपालले यो दिन कृषकहरूको श्रम, समर्पण र जीवन्त संस्कृतिको प्रतीक भएको उल्लेख गर्दै खेतबारीमा हिलो खेल्दै धान रोप्ने परम्पराले सामूहिकता, सामाजिक सद्भाव र प्रकृतिप्रतिको सम्मानलाई झल्काउने बताउनुभयो ।

साथै, दही-चिउरा खाने परम्पराले नेपाली मौलिक संस्कृतिलाई थप सुदृढ बनाएको उल्लेख गर्नुभयो।

राज्यपालले आधुनिक कृषि प्रविधि अपनाउन, जैविक खेतीलाई थप प्रोत्साहन गर्न तथा दिगो कृषि प्रणालीको विकासमा सबै एकजुट हुन आह्वान गर्दै "2047 सम्म विकसित भारत" को लक्ष्य हासिल गर्न सामूहिक प्रतिबद्धता आवश्यक रहेको उल्लेख गर्नुभयो।

उहाँले सम्पूर्ण नागरिकको सुख, शान्ति, समृद्धि र निरन्तर प्रगतिको कामना गर्नुभएको छ।

सहकारिता सप्ताह समारोह 2026 को अवसरमा मुख्यमन्त्रीद्वारा शुभकामना व्यक्त

मुख्यमन्त्री प्रेमसिंह तामाङले सहकारिता सप्ताह समारोह 2026 को अवसरमा सहकारी आन्दोलनका सबै सदस्य, निर्वाचित प्रतिनिधि, पदाधिकारी, कर्मचारी र सरोकारवालाहरूलाई न्यानो अभिवादन र शुभकामना व्यक्त गर्नुभएको छ।

उहाँले भन्नुभयो... बाइ......

गान्तोक विशेष गहन संशोधन

गान्तोकका जिल्ला निर्वाचन  अधिकारी र जिल्लापाल रोहन अगावानेले जिल्ला प्रशासनिक केन्द्रमा जारी विशेष गहन संशोधन, (SIR) 2026 बारे पत्रकार सम्मेलनलाई सम्बोधन गरे। श्री गवानेले गान्तोक जिल्लाले गणना अभ्यास सफलतापूर्वक सम्पन्न गरेको घोषणा गर्दै, 99 दशमलव छ आठ प्रतिशत गणना फारम (EF) वितरण हासिल भई सकेको बताए।

मस्यौदा मतदाता नामावली 5 जुलाईमा प्रकाशित हुनेछ भन्ने  दावी र आपत्ति अवधि 5 जुलाई देखि 4 अगस्ट, 2026 सम्म सक्रिय रहनेछ।

सिक्किमको लागि IMD ले Orange र Yellow चेतावनी घोषणा गर्यो

मौसम विज्ञान केन्द्र, गान्तोकले विशेष मौसम बुलेटिन - दुई जारी गरेको छ, जसमा आज र भोलि सिक्किमभरि वर्षा गतिविधि बढ्ने चेतावनी दिइएको छ। आजको लागि, सबै छ जिल्लाहरूमा हल्का देखि मध्यम वर्षाको सम्भावना छ, भने मंगन, नाम्ची, पाकिम र सोरेङका केहि स्थानहरूमा आज orange alert अन्तर्गत भारी देखि मूसलाधार वर्षा हुने अनुमान गरिएको छ। गान्तोक र गेजिङमा भारी वर्षा र चट्याङसहितको मौसमका लागि yellow alert जारी रहनेछ। भोलिको लागि, नाम्ची, पाकिम र सोरेङमा yellow alert जारी रहनेछ।

758 सीमा सडक कार्यबलद्वारा गरिएको सडक मर्मत कार्यको सिक्किम भाजपाले प्रशंसा गरेको छ

758 सीमा सडक कार्यबल द्वारा चाँदमारी-गोशखान डाँडा सडकमा मर्मतसम्भार कार्यको भारतीय जनता पार्टी, सिक्किमले स्वागत गर्दै सीमा सडक संगठन र जनरल रिजर्भ इन्जिनियर फोर्सप्रति हार्दिक आभार व्यक्त गरेको छ। 8 जूनका दिन, भाजपा सिक्किम राज्य अध्यक्ष डी. आर. थापाको निर्देशनमा रजनी गुरुङको नेतृत्वमा एक भाजपा प्रतिनिधिमण्डलले 758 सीमा सड़क कार्य बल, का कमान्डिङ अफिसरलाई भेट्यो र सडकको खराब अवस्था र यात्रुहरूले भोग्नुपरेको कठिनाइलाई उजागर पार्दै एक अभ्यावेदन पेश गर्यो।

माला राणा पात्रोलाई 'कञ्चनजङ्घा कलम पुरस्कार 2026' प्रदान गरिने

प्रेस क्लब अफ सिक्किमले सिक्किम एक्सप्रेसकी संस्थापक-प्रकाशक तथा नेपाली दैनिक हिमाली बेलाकी सम्पादक माला राणा पात्रोलाई सिक्किमको पत्रकारिता र मिडियामा उनको जीवनभरको उत्कृष्ट योगदानको कदरस्वरूप प्रतिष्ठित 'कञ्चनजङ्घा कलम पुरस्कार 2026' प्रदान गरिने घोषणा गरेको छ। यो पुरस्कार 17 जुलाईका दिन प्रेस क्लब अफ सिक्किमको 24 औं स्थापना दिवस समारोहमा प्रदान गरिनेछ।

2005 मा यो पुरस्कार स्थापना भएदेखि श्रीमती पात्रो कञ्चनजङ्घा कलम पुरस्कार प्राप्त गर्ने दोस्रो महिला बनेकी छिन्।

ICAR सिक्किमः खेत बचाओ अभियान

भारतीय कृषि अनुसन्धान परिषद्, पूर्वोत्तर पहाडी क्षेत्रका लागि ICAR कम्प्लेक्स, सिक्किम केन्द्रले 27 जूनका दिन मेरा गाउँ मेरा गौरव कार्यक्रम र खेत बचाओ अभियान अन्तर्गत मंगन जिल्लाको लिंगकुमा किसान-वैज्ञानिक अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्यो।

कृषि उत्पादकता सुधार गर्न भनि वैज्ञानिक दृष्टिकोणहरू छलफल गर्न यस कार्यक्रमले उत्तर सिक्किमको जोम्गुको दुर्गम कुनामा 12 जना किसानहरूलाई एकसाथ ल्याएको थियो।